# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०७७/७८

# रैनादेवी छहरा गाउँपालिका

## छहरा, पाल्पा

## श्रावण, २०७८

## प्रतिवेदन तयार गर्ने:


**इन्द्र बहादुर क्षेत्री**

प्रमुख प्रशासकीय अधिकृत

सम्पादक

**अंमृता पौडेल**

अधिकृतस्तर छैठौं

प्रतिवेदक

**नारायण मल्ल**

सूचना प्रविधि अधिकृत

डिजाईन/सेटिङ्ग

# विषयसूची

भाग एक - प्रारम्भ ........ १

१.१.पृष्ठभूमी ........ १

१.२.गाउँपालिकाको परिचय ........ १

१.३.उद्देश्यहरू ........ १

भाग दुई - गाउँपालिकाको समग्र स्थिति/मुख्य क्रियाकलापहरू ........ २

२.१.प्रशासन, योजना तथा अनुगमन शाखाको स्थिति/कार्य प्रगति ........ २

२.१.१.गाउँपालिकाको संगठनात्मक संरचना ........ २

२.१.२.कर्मचारीको दरबन्दी तथा पदपूर्तिको स्थिति ........ ३

२.१.३.वडा कार्यालयमा सेवा प्रवाहको स्थिति ........ ४

२.२.आ.व.०७७/०७८ मा गाउँपालिकाको राजस्व सम्बन्धी विवरण ........ ४

२.३.न्याय सम्पादन सम्बन्धी कार्यको विश्लेषणात्मक स्थिति ........ ५

२.४.बैठक सम्बन्धी ........ ६

२.५.सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाको विद्यमान स्थिति ........ ६

२.६.गुनासो सुनुवाई ........ ७

२.७.पूर्वाधार शाखाको वार्षिक प्रगति विवरण ........ ७

२.८.आर्थिक प्रशासन सम्बन्धी कार्यहरू ........ ९

२.९.आर्थिक विकास शाखाको समग्र स्थिति ........ १०

२.९.१.कृषि ........ १०

२.९.२.पशु ........ ११

२.१०.सामाजिक विकास शाखाको वार्षिक समग्र स्थिति ........ १२

२.१०.१.स्वास्थ्य ........ १२

२.१०.२.शिक्षा शाखा ........ १४

२.१०.३.महिला तथा बालबालिका शाखा ........ १४

२.११.अन्य क्षेत्रहरू ........ १५

२.११.१.प्रधानमन्त्री रोजगार कार्यक्रम ........ १५

२.११.२.राष्ट्रिय पुनःनिर्माण ........ १५

भाग तीन - निष्कर्ष एवम् भावी कार्यनीति ........ १६

३.१.आ व ०७७/०७८ मा गाउँपालिकामा भएका मुख्य कार्यहरू संक्षेपमा ........ १६

३.२.कार्यसम्पादनमा देखिएका समस्या तथा चुनौतीहरू ........ १६

३.३.आगामी दिनमा ध्यान दिनुपर्ने विषयहरू ........ १७

अनुसूची १ ........ १८

आ.व. ०७७/०७८ को समग्र आर्थिक विवरण ........ १८

# भाग एक - प्रारम्भ

## १.१.पृष्ठभूमी

नेपाली जनताको अथक प्रयास, सङ्घर्ष र बलिदानले लामो समयदेखि चलिआएको एकात्मक, केन्द्रीकृत शासन व्यवस्थाबाट नेपाल सङ्घीयशासन व्यवस्थामा गएको छ। देशभर सङ्घीयशासनको अभ्यास गरिरहेका ७६१ वटा सरकारहरू मध्ये रैनादेवी छहरा गाउँ सरकारले आ.व. ०७७/०७८ मा सम्पादन गरेका सम्पूर्ण कार्यहरूको यथार्थ प्रतिवेदन तयार गरी जनतालाई सुसूचित गर्ने र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रयोजनार्थ २०७८ श्रावण २६ गते गरिएको वार्षिक समिक्षाको प्रतिवेदन तयार गरिएको छ।

## १.२.गाउँपालिकाको परिचय

रैनादेवी छहरा गाउँपालिका ७५३ वटा स्थानीय तह मध्ये एउटा स्थानीय तह हो। यो पाल्पा जिल्लाको पश्चिममा अवस्थित छ। जसको पूर्वमा पाल्पा जिल्लाको रिब्दिकोट गाउँपालिका, पश्चिममा अर्घाखाँची जिल्लाको पाणिनी गाउँपालिका, उत्तरमा अर्घाखाँची जिल्लाको छत्रदेव गाउँपालिका र गुल्मी जिल्लाको छत्रकोट र रुरु गाउँपालिका र दक्षिणमा पाल्पा जिल्लाको तिनाउ गाउँपालिका र रुपन्देही जिल्लाको सैनामैना नगरपालिका छन्। यो गाउँपालिका साविकका ८ वटा गाउँ विकास समितिहरू सत्यवती, बल्ढेङ्गढी, जुठापौवा, छहरा, मुझुङ्ग, सोमादी, भुवनपोखरी र सिद्वेश्वर मिलि बनेको हो। सोही बमोजिम ८ वडाहरू मौजुदा छन् भने गाउँपालिकामा नेपाली काँग्रेसको नेतृत्वमा ने.क.पा. एमाले र ने.क.पा. माओवादी (केन्द्र) को प्रतिनिधित्व छ।

यस गाउँपालिका क्षेत्रफल १७५.८८ वर्ग किलोमिटर छ। जहाँ २६,४६९ (२०६८ को जनगणना अनुसार) जनसंख्या रहेकोमा ब्राह्मण, क्षेत्री, मगर, कामी, दमाई लगायतका जातजातीको बसोबास रहेको छ। जम्मा घरधुरी ६,००९ छन्। मुख्य पेशा कृषि रहेको छ। जसमा तरकारी र सुन्तला तुलनात्मक रुपमा बढी उत्पादन हुने गर्दछ। यस गाउँपालिकाका रैनादेवी मन्दिर, कालिका मन्दिर, बल्ढेङ्गगढी किल्ला, तिलकथान पार्क आदि ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्रहरू हुन्।

## १.३.उद्देश्यहरू

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रयोजनार्थ,
- सूचनाको हक २०६४ को कार्यान्वयन गर्न,
- सरकारले वार्षिक रुपमा सम्पादन गरेका कार्यहरू जनतामाझ पुऱ्याउन,
- गत आ.व. र चालु आ.व.मा सम्पादन भएका कार्यहरूको तुलनात्मक अध्ययन गर्न।

# भाग दुई - गाउँपालिकाको समग्र स्थिति/मुख्य क्रियाकलापहरू


## २.१.प्रशासन, योजना तथा अनुगमन शाखाको स्थिति/कार्य प्रगति

### २.१.१.गाउँपालिकाको संगठनात्मक संरचना

नेपालको संविधान २०७२ जारी भएपछि उक्त संविधानको धारा ५६ मा नेपालको राज्य संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था छ, जसमध्ये सबैभन्दा तल्लो तहको सरकारका रुपमा स्थानीय सरकार रहने व्यवस्था बमोजिम नेपाल अधिराज्यभरी ७५३ वटा स्थानीय तहको स्थापना भएको हो । जसमध्ये रैनादेवी छहरा गाउँपालिका पनि एक हो ।

संविधानको धारा ५७ बमोजिम अनुसूची ८ का एकल अधिकार र अनुसूची ९ का साझा अधिकारहरू, स्थानीय सरकार सञ्चालन ऐन २०७४ का दफा ११ बमोजिमका कार्यहरू गर्नका लागि गाउँपालिकामा देहाय बमोजिमको साङ्गठनिक संरचना रहने व्यवस्था रहेको छ ।

(ख) २५ हजारभन्दा बढी जनसंख्या भएका गाउँपालिकाको संगठन संरचना (१२६वटा) (अनुसूची २.१)



## २.१.२.कर्मचारीको दरबन्दी तथा पदपूर्तिको स्थिति

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | आठौ | प्रशासन | | १ | १ | |
| २ | अधिकृत | सातौ/आठौँ | प्रशासन | लेखा | १ | १ | |
| ३ | इन्जिनियर | ६/७/८ औ | इन्जि | सिभिल | १ | | १ |
| ४ | अधिकृत | ७/८ औ | शिक्षा | शि.प्र | १ | | १ |
| ५ | अधिकृत | ६ औ | प्रशासन | सा.प्र | २ | १ | १ |
| ६ | आ.ले.प | ५ औ | प्रशासन | लेखा | १ | १ | |
| ७ | सहायक | ५ औ | प्रशासन | सा.प्र | ४ | २ | २ |
| ८ | कम्प्युटर अपरेटर | ५ औ | | विविध | १ | १ | |
| ९ | लेखा सहायक | ५ औ | प्रशासन | लेखा | १ | | १ |
| १० | प्रा.स. | ५ औ | शिक्षा | शि.प्र | १ | १ | |
| ११ | हे.अ. | ५/६ औ | स्वास्थ्य | हे.ई | १ | १ | |
| १२ | सब-इन्जिनियर | ५ औ | इन्जि. | सिभिल | १ | १ | |
| १३ | अ.स.इ. | चौथो | इन्जि. | सिभिल | १ | | १ |
| १४ | स.म.वि.नि. | चौथो | विविध | | १ | | १ |
| १५ | खा.पा.स.टे. | चौथो/पाचौ | इन्जि. | सिभिल | १ | १ | |
| कार्यालयतर्फ | | | | | १९ | ११ | ८ |
| वडा कार्यालयतर्फ (८ वटा) | | | | | | | |
| १ | सहायक | पाचौ | प्रशासन | सा.प्र | ३ | १ | २ |
| २ | सब-इन्जिनियर | पाचौ | इन्जि. | सिभिल | ३ | ५ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र | ४ | ३ | १ |
| ४ | अ.स.इ | चौथो | इन्जि. | सिभिल | ५ | ३ | २ |
| ५ | मुखिया | तृतिय | प्रशासन | प्रशासन | १ | | १ |
| जम्मा | | | | | ३५ | २३ | १४ |

## स्वास्थ्य तर्फ

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | अनमी/सि.एम.ए | छैठौं | स्वास्थ्य | | ५ | २ | ३ |
| २ | अनमी/सि.एम.ए | पाँचौं | स्वास्थ्य | | ७ | ५ | २ |
| ३ | अनमी/सि.एम.ए | चौथो | स्वास्थ्य | | २९ | १२ | १७ |
| ४ | कार्यालय सहयोगी | श्रेणी बिहीन | प्रशासन | | ८ | १ | ७ |

प्रस्तुत तथ्याङ्क अनुसार आ.व. ०७७/०७८ मा १४ वटा पदहरू रिक्त रहेको देखाउँछ । यस गाउँपालिका स्थापना पश्चात अधिकृतस्तर, सहायकस्तर र प्राविधिक कर्मचारीहरू रिक्त रहेकोमा आ.व.०७५/०७६ मा स्थानीय तहको लागि लोक सेवा आयेगले कर्मचारी भर्ना गरी केही कर्मचारीहरू पूर्ति गरेतापनि कर्मचारीको वृत्ति विकासको लागि सरुवा भई जाने कर्मचारीको संख्या सरुवा भइआउने कर्मचारीको संख्या भन्दा धेरै भएको हुदा धेरै पदहरू रिक्त रहेको अवस्था छ । तथापी आगामी वर्षमा प्रदेश लोकसेवा आयोग स्थापना भई सकेकोले रिक्त रहेका पदहरू पूर्ति हुनसक्ने देखिन्छ ।

## २.१.३.वडा कार्यालयमा सेवा प्रवाहको स्थिति

### क. वडा कार्यालयमा सेवा प्रवाहको लागि भौतिक सुविधाको अवस्था (कार्यालय भवनको पर्याप्तता)

| विवरण | संख्या | भवन संरचना (पक्कि वा कच्चि) | स्वामित्व (आफ्नै वा भाडामा) | कैफियत |
|---|---|---|---|---|
| वडा कार्यालय भवन | ८ | पक्कि | आफ्नै | |

### ख. वडा कार्यालयले प्रदान गर्ने सेवाको विवरण

स्थानीय सरकार सञ्चालन ऐन २०७४को परिच्छेद ३ को दफा १२ बमोजिम वडा भित्रका योजना तर्जुमा, कार्यावयन तथा अनुगमन, तथ्याकं अद्यावधिक तथा संरक्षण, विकासका गतिविधि सञ्चालन, वडा भित्रका नियमन कार्य सञ्चालन, नागरिकता, नाता प्रमाणित लगायतका सिफारिस तथा प्रमाणित गर्ने र व्यक्तिगत घटना दर्ताको अभिलेख राख्ने जस्ता सेवाहरू प्रवाह गर्दछ ।

## २.२.आ.व.०७७/०७८ मा गाउँपालिकाको राजस्व सम्बन्धी विवरण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९को दफा ५४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका कर लगाउन पाउने व्यवस्था बमोजीम दफा ५५ देखि ६२ सम्मका सम्पत्तिकर, मालपोत, घरजग्गा बहाल कर, व्यबसाय कर, बहाल विरौटी शुल्क, पार्किङ शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर, सेवा शुल्क लगायतका कर उठाउन सक्नेछ । सोहि बमोजिम रैनादेवी छहरा गाउँपालिकाले पनि करहरूको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको शुल्क उठाउने गरेको छ ।

आ.व.०७७।०७८ मा यस रैनादेवी छहरा गाउँपालिकाको १ करोड २५ लाख बराबरको राजस्व अनुमान गरेतापनि लक्ष्यको ७१.५०% राजश्व संकलन भएको छ भने राजश्व बाडफाँट र बैक अ.ल्या. गरी जम्मा आन्तरिक आम्दानी ११,०५,६२९०७.०४ हुन आएको छ। जुन बार्षिक कुल बजेटको १८.२८ % हुन आएको छ । राजस्व संकलनको विस्तृत विवरण यस प्रकार उल्लेख गरिएको छ ।

**वडागत राजस्वको विवरण:**

| वडा नं. | रकम | विवरण | रकम |
|---|---|---|---|
| १ | २५५३७१।- | अघिल्लो वर्षको जम्मा | ५५०४९।- |
| २ | ३४४५९९।- | बेरुजु बापत | ४९४५७६।- |
| ३ | ५८३६१२।- | सिधै बैक दाखिला | ९६०००।- |
| ४ | ८६८९९९।- | वतावरण शुल्क बापत | ५१७१४४।- |
| ५ | ३०९७९४।- | रजिष्ट्रेशन शुल्क | ११५४३७१ ।- |
| ६ | १९०५५५ ।- | संचित कोषमा जम्मा | २२८१२५।७ |
| ७ | २०८१३२।- | | |
| ८ | ४३६५१७।- | | |
| जम्मा | ६३९१८८२।- | | २५४५२६५।७ |
| **कुल जम्मा** | | | **८९,३७,१४७।७** |

**शिर्षकगत विवरण:**

| आयको शीर्षक | रकम | आयको शीर्षक | रकम |
|---|---|---|---|
| सम्पती कर | १९०८२५।- | अघिल्लो वर्षको जम्मा | ५५०४९ |
| घर बहाल कर | २०५११७।- | बेरुजु बापत | ४९४५७६ |
| मालपोत | ४५२८८०।- | सिधै बैक दाखिला | ९६००० |
| सेवा शुल्क | ४२८८३४४।- | वतावरण शुल्क बापत | ५१७१४४ |
| व्यवसाय | १८००८१ ।- | रजिष्ट्रेशन शुल्क | ११५४३७१ |
| दण्ड जरिवाना | ३७६६२८।- | संचित कोषमा जम्मा | २२८१२५।७ |
| अन्य | १०३६९७४ ।- | | |
| **जम्मा** | **६३९१८८२** | | **२५४५२६५।७** |
| **कुल जम्मा** | **८९,३७,१४७७** | | |

अनुमानित गरेको राजस्व भन्दा कम राजस्व उठेको विवरण यस तथ्याङ्कले देखाएको छ। यसो हुनुमा विस्तृत अध्ययन नगरी राजश्व अनुमान गरीनु, करदाता शिक्षाका लागु नगरीनु करको दरभन्दा दायरा बढाउन लागी नपर्नु व्यवसायहरू करमा समावेश नगरीनु, कर उठाउन भन्दा छुट दिने तर्फ जनप्रतिनीधिहरू अग्रसर हुनु जस्ता कारणहरू रहेका छन् ।

**आ.व.०७६/०७७ र आ.व.०७७/०७८ मा राजस्वको तुलनात्मक अध्ययन चार्ट**

| श्रोत | आ.व. ०७६/०७७ को राजस्व | आ.व.०७७/०७८ को राजस्व | कैफियत |
|---|---|---|---|
| नगद मौज्दात | ११०३३३५०.५८ | २०७६३१६९.७३ | आ.व.०७६/०७७ मा भन्दा ०७७/०७८ मा राजस्वमा ४१.४१ प्रतिशतले वृद्धि भएको देखिन्छ । |
| आन्तरिक राजस्व | ८१८७६७३.२ | ८९३७१४७.७० | |
| राजश्व बाडफाँट | ५८९६३९.८३९.३५ | ८०८६२५८.६१ | |
| जम्मा | **७,८१,८४,८६३.१३** | **११,०५,६२,९०७.०४** | |

## २.३.न्याय सम्पादन सम्बन्धी कार्यको विश्लेषणात्मक स्थिति

नेपालको संविधानको धारा २१७ मा व्यबस्था भए बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन परिच्छेद र ८ मा स्थानीय तहमा एक न्यायीक समिति रहने व्यबस्था छ । सो ऐनको दफा ४७ मा न्यायिक समितिलाई १३ वटा विवादको निरुपण गर्ने र १० वटा विवादलाई मेलमिलाप मार्फत विवादको निरुपण गर्ने अधिकार प्रदान गरेको छ ।

स्थानीय तहमा यसरी कार्यपालिकीय ,व्यावस्थापकीय र न्यायिक तिनै किसीमको कार्य गर्ने व्यबस्था नेपालको संविधान २०७२ले ल्याएको हो । यसरी स्थानीय तहमै स-साना निरुपण हुदाँ अदालतमा कार्यचाप घट्ने, स्थानीय वासीन्दालाई गाउँपालिका प्रति अपनत्व बोध हुने अनावश्यक खर्चबाट बच्ने हुन्छ ।

आ.व.०७७।०७८ मा यस रैनादेवी छहरा गाउँपालिकाको न्यायसम्पादनको विवरण देहाय बमोजिम रहेको छ ।

- परेका उजुरी संख्या ३
- अ.ल्या.
- जम्मा ३
- फर्छौट १
- बाँकी २

यसरी तथ्यांक हेर्दा निकै न्यून रुपमा मुद्दाहरू दर्ता भएको देखिन्छ, यसको मतलब कि त गाउँपालिका विवाद रहित भएको वा कि त स्थानीय जनतालाई गाउँपालिकाको न्याय सम्पादन भरपर्दो नलागेको वा गाउँपालिकाले पनि न्यायीक कार्य पनि सम्पादन गर्दछ भन्ने कुराको जानकारी नै नभएको हुन सक्छ । यसको लागि बस्ती स्तरमै गएर स्थानीय तहमै गर्ने न्यायीक क्षेत्रको क्षेत्राधिकारको बारेमा जानकारी दिन जरुरी देखिन्छ ।

## २.४.बैठक सम्बन्धी

कार्यालयमा कुनै पनि महत्वपूर्ण विषयमा छलफल गर्न वा महत्वपूर्ण निर्णय गर्नको लागि सो क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूको सुझाव वा जानकारीका लागी बैठक बस्ने गर्दछ । यसरी बैठक बसेपछि सो को अभिलेख राख्ने गरिन्छ । हरेक गाउँपालिकामा गाउँसभाको बैठक सामान्यतया वर्षको २ पटक बस्ने गर्दछ । गाउँसभाले बजेट अधिवेशनमा आगामी आ.व.को लागि बजेट ल्याउने र हिउँदे अधिवेशनमा कुनै कारणबस सञ्चालन हुन नसकेका योजनाहरू संशोधन गर्ने र नपुग शिर्षकमा कानुन बमोजिम रकमान्तर गर्ने र आवश्यक निति निर्माण पारित गर्ने गर्दछ ।

कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने गर्दछ । कार्यपालिकाले काम गर्दा देखा परेका समस्या समाधानका लागि निर्णयहरू गर्ने गर्दछ । विषयगत समितिको बैठक आवश्यकता अनुसार बस्ने व्यबस्था छ । यसरी आ.व. ०७७।०७८ मा यस रैनादेवी छहरा गाउँपालिकामा बसेको बैठकको विवरण तल दिइएको छ ।

| क.स. | बैठकको विवरण | बैठक संख्या |
|---|---|---|
| १. | गाउँ सभा | सभा २ वटा बैठक ४ वटा |
| २. | कार्यपालिका | ३७ वटा |
| ३. | विषयगत समिति | १८ वटा |
| ४. | खरिद मुल्यांकन समिति | १४ वटा |
| ५. | अन्य समिति | ५ वटा |

## २.५.सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाको विद्यमान स्थिति

सङ्घ र प्रदेश कानूनको अधिनमा रही यस रैनादेवी छहरा गाउँपालिका भित्र स्थायी बसोबास गर्ने ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गगता भएका व्यक्तिहरू, दलित बालबालिकाको लगत राखि सामाजिक सुरक्षाको वितरण तथा व्यवस्थापन गर्ने कार्य सामाजिक सुरक्षा शाखा अन्तर्गत पर्दछ ।

गत आ.व. मा ७,८४,८६,२३६।- रुपैयाँ सामाजिक सुरक्षा बापतको रकम वितरण गरेको तथ्याङ्कले देखाएको छ ।

| **क.सं.** | **सामाजिक सुरक्षाको क्षेत्र** | **खर्च रकम** |
|---|---|---|
| १ | जेष्ठ नागरिक (७० माथि) | ४,८५,७५,८५८।- |
| २ | जेष्ठ नागरिक दलित | ४९,३३,४५२।- |
| ३ | एकल जेष्ठ महिला | ७८,६५,०६५।- |
| ४ | एकल महिला | १,१६,१०,८००।- |
| ५ | अपाङ्ग पूर्ण | २०,१६,९५४।- |
| ६ | अपाङ्ग आशिंक | २१,००,८००।- |
| ७ | बाल पोषण | १३,८३,३०४।- |
| | **जम्मा** | **७,८४,८६,२३६।-** |

यसैगरी व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध बिच्छेद र धर्मपुत्र र धर्मपुत्रीको दर्ता, अभिलेख व्यवस्थापन र प्रतिवेदन लगायतका कार्य पञ्जिकरण शाखाको मातहतमा वडा सचिवहरूले गर्ने गर्दछन । हाल गाउँपालिकामा अनलाइन प्रणालीबाट घटना दर्ता गर्ने गरीएको छ । गत आ.व.मा यस रैनादेवी छहरा गाउँपालिकामा १५९० वटा घटना दर्ता भएको तथ्याले देखाएको छ ।

| क्र.सं. | पञ्जिकरणको क्षेत्र/वडा | जन्मदर्ता | मृत्युदर्ता | विवाह दर्ता | सम्बन्ध विच्छेद | बसाइसराइ दर्ता | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ७६ | ४३ | ३३ | १ | ९ | १६२ |
| २ | २ | ८९ | २४ | १० | | ९ | १३२ |
| ३ | ३ | २०२ | ९२ | १०९ | ८ | २४ | ४३५ |
| ४ | ४ | १८७ | ५९ | ४१ | ४ | २० | ३११ |
| ५ | ५ | ६९ | २८ | २४ | १ | ११ | १३३ |
| ६ | ६ | ८८ | ३९ | २९ | | २१ | १७७ |
| ७ | ७ | ७६ | १३ | १८ | ५ | १७ | १२९ |
| ड | ८ | ४९ | २७ | २२ | ३ | १० | १११ |
| **जम्मा** | | **८३६** | **३२५** | **२८६** | **२२** | **१२१** | **१५९०** |

## २.६.गुनासो सुनुवाई

नागरिकका गुनासोलाई सम्बोधन गरी जनमैत्री सेवा प्रवाह गर्नका लागि गाउँपालिकामा गुनासो दर्ता रजिष्टर खडा गरी गुनासोहरू दर्ता गर्ने गरिएको छ । आ.व. ०७७/०७८ मा ७ वटा गुनासाहरू दर्ता भएका थिए । ती गुनासाहरूको सम्बोधन गरी जनताका समस्याहरू पनि समाधान गरिएको थियो ।

## २.७.पूर्वाधार शाखाको वार्षिक प्रगति विवरण

पूर्वाधार शाखा अन्तर्गत सडक, खानेपानी, सिंचाइ, विद्युत लगायतका अन्य भौतिक संचनाहरूको निर्माण तथा मर्मत संभार गर्ने कार्य पर्दछ । गाउँपालिकामा कतिपय विकास निर्माणका कार्यक्रमहरू उपभोक्ता समिति मार्फत गरिन्छ भने कतिपय विकासका कार्यक्रमहरू ठेक्का मार्फत गरिन्छ । यसैगरी आ.व. ०७७।०७८ मा यस रैनादेवी छहरा गाउँपालिकामा भएका पूर्वाधार शाखाको भौतिक तथा वित्तीय प्रगतिलाई तल दिइएको छ ।

| क.स. | विकास क्षेत्र | | खर्च रकम | भौतिक अवस्था | आर्थिक प्रगति |
|---|---|---|---|---|---|
| | उपभोक्ता तर्फ | | | | |
| १. | सडक | नयाँ सडक | ३८०४४४५३।१९ | २६.९८ कि.मि. | |
| | | सडक स्तरोन्नति | | १८.९४ कि.मि. | |
| | | ग्राभेल | | २.७७ कि.मि. | |
| | | ढलान | | ०.४१ कि.मि. | |
| | | सोलिङ् | | ३.४७ कि.मि. | |
| | | ग्याविन | | ८२३.७ घ.मि. | |
| | | मेसेनरी | | ४९.६६ घ.मि. | |
| | | पक्की नालि | | ०.४१ कि.मि. | |
| | | मर्मत | | ७५ वटा | |
| २ | खानेपानी | टकीं निर्माण | ५२२०१२०।२६ | १४वटा | ८४.८८ प्रतिशत |
| | | धारा निर्माण | | १७१ वटा | |
| | | लाभावित संख्या | | २६०५ | |
| ३ | सिंचाइ | कुलो निर्माण | ४०७८२७८।१५ | १.६१ कि.मी. | ९८.१३प्रतिशत |
| ४ | भवन | नया निर्माण | ६६६६६४९।२३ | १२ वटा | ८५.५४प्रतिशत |
| | | रङ्रोगन | | १६ वटा | |
| | | थप ,सम्पन्न | | २२ वटा | |
| ५. | अन्य | | ७८३००२५।९० | | ९३.६८प्रतिशत |
| | **जम्मा** | | **६१८३९५२६।७३** | | **९१.३२ प्रतिशत** |

**ठेक्का तर्फ**

| क.स. | विकास क्षेत्र | | खर्च रकम | भौतिक अवस्था | आर्थिक प्रगति |
|---|---|---|---|---|---|
| १. | सडक | सडक स्तरोन्नति | ३३६१९१५७८ | २.८कि.मि | |
| | | ग्राभेल | | १.१८ कि.मि | |
| | | ढलान | | ०.३९ कि.मि | |
| | | सोलिङ् | | ०.०९ कि.मि | |
| | | ग्याविन | | २४८३ घ.मि | |
| | | मेसेनरी | | १९८३.९७ घ.मि | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पक्की नालि | | ०.२२ कि.मि | |
| | | मर्मत | | ८१ वटा | |
| २. | खानेपानी | टकीं निर्माण | १२५३९९८६।७५ | ३ वटा | ९०.६७ प्रतिशत |
| ३. | भवन | निर्माण | २७८०१२४।२२ | २ वटा | ५५.२१ प्रतिशत |
| ४. | विद्युत | लाइन | ४४३४५६।३० | २.८८ कि.मि | ९८.२०प्रतिशत |
| ५. | अन्य | | १७४५५२३८।३३ | | ९८.६८प्रतिशत |
| | **जम्मा** | | **९१८५७९६३।४०** | | **५२.७० प्रतिशत** |

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने पूर्वाधार शाखाको भौतिक प्रगतिमा नयाँ सडक निर्माण, स्तरोन्नति, ग्राभेल, सोलिङ, जाली भर्ने लगायतका कार्य भएको देखिन्छ। यस्तै खानेपानीमा टंकी निर्माण, रंगरोगन, ढलान लगायतका कार्यहरू भएको देखिन्छ । समग्रमा हेर्दा यस गाउँपालिकाको भौतिक प्रगति राम्रो भएको देख्न सकिन्छ । गाउँपालिकाको विकास निर्माणका कार्यमा जनप्रतिनीधि, कर्मचारी एवम् उपभोक्ता सबैले चासो दिएर लागेको देखिन्छ जुन एकदमै सराहनीय विषय रहेको छ।

## २.८.आर्थिक प्रशासन सम्बन्धी कार्यहरू

**आ.व. ०७७/०७८ को समग्र आर्थिक अवस्था - वित्तीय प्रगति)**

**आ.व. ०७७/०७८ का बजेट : (रकम रु हजारमा राखिएको)**

| क्र.सं. | श्रोत | सङ्घीय | प्रदेश | आान्तरिक |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | १०३३०० | ५२५७ | |
| २ | राजस्व बाँडफाँड | ८१९६२ | ५७१८ | |
| ३ | विशेष अनुदान | १२५०० | ६००० | |
| ४ | समपुरक अनुदान | २५००० | १५००० | |
| ५ | शशर्त अनुदान | २७२३०० | १४८५० | |
| ६ | आन्तरिक श्रोत | | | १२५०० |
| ७ | नगद अ.ल्या | | | ५०५७७ |
| जम्मा | | ४९५०६२ | ४६८२५ | ६३०७७ |
| कुल जम्मा | | | | ६०४९६४ |

**खर्चको अवस्था**

| क.सं. | खर्च शिर्षक | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | पूँजीगत | १५८९३२६८३/५० | ६८.०९ | गत आ.व. भन्दा १३.९ प्रतिशतले बढी |
| २ | चालु | ३४२७६२२९४/१४ | ८६.२३ | गत आव भन्दा १.३७ प्रतिशतले घटी |
| जम्मा | | ५०१६९५६७७/६४ | ७९.४१ | |

प्रस्तुत तथ्याङ्क अनुसार बजेटको ७९.४१ प्रतिशत खर्च भएको देखिन्छ। यसरी बजेट खर्च कम हुनुका कारण कार्यक्रम तथा उक्त कार्यक्रमको लागि प्रस्तावित बजेटको बीचमा कम तालमेल हुनु, कार्यक्रमहरू वास्तविक लागत अनुमानमा आधारीत नभई अनुमानको आधारमा बजेट प्रस्ताव गरिनु, गत वर्षदेखि कोभिडको महामारीका कारण कतिपय आयोजनाहरू कार्यान्वयन हुन नसक्नु रहेको देखिन्छ । तथापि आ.व.०७६/०७७ मा भन्दा पूँजीगत खर्च १३.९ प्रतिशतले बढी भएको देखिन्छ भने चालु खर्चमा

१.३७ प्रतिशतले कम भएको देखिन्छ। जसको अर्थ आ.व. ०७७/०७८ मा विकासका क्रियाकलापमा बढी खर्च भएको हो जसको फलस्वरुप गाउँपालिकामा विकास बढी भएको सकरात्मक सन्देश प्रदान गर्दछ।

**क्षेत्रगतरुपमा बजेट बिनियोजन**

| क्र.सं. | क्षेत्र | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ५६२६१६७५/६५ | ६७.५८ |
| २ | सामाजिक | २७७१४९८७६/५० | ८४.८६ |
| ३ | भौतिक पूर्वाधार | ९८०१४९५०/३० | ६७.१८ |
| ४ | सुशासन तथा अर्न्तसम्बन्धित क्षेत्र | ५२९४९३२/०० | ६३.०३ |
| ५ | प्रशासनिक | ६४९७४२४३/१९ | ९६.०२ |
| **जम्मा** | | **५०१६९५६७७/६४** | **७९.४१** |

गाउँपालिकाको विकासलाई समानुपातिक रुपमा विकास गर्नको लागि बजेटलाई विभिन्न ५ क्षेत्र (क्रमशः आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, सुशासन र प्रशासनिक )मा विभाजन गरी बजेट बिनियोजन गर्ने गरिन्छ। यसरी बजेट विनियोजन गर्दा बजेटले सबै क्षेत्रलाई समेटी विकासमा जनसहभागिता बढी हुने, जनताले विकासको अनुभूति प्राप्त गर्ने, साधन श्रोतको उपयोग हुने र विकासलाई तुलना गर्न सहज हुन्छ जसले गर्दा पछाडी परेको क्षेत्रलाई बढी प्राथमिकतामा राखेर बढी बजेट बिनियोजन गरी अगाडि बढाउन सकिन्छ।

आ.व. ०७७/०७८ मा खर्चको हिसाबले सबैभन्दा बढी खर्च प्रशासनिक क्षेत्रमा (**९६.०२** प्रतिशत)भएको र कम खर्च सुशासन क्षेत्रमा (६३.०३ प्रतिशत) भएको व्यहोरा माथिको तालिकाले देखाउँछ।

## २.९.आर्थिक विकास शाखाको समग्र स्थिति

### २.९.१.कृषि

गाउँपालीकाको आर्थिक विकासको मेरुदण्डका रुपमा कृषि रहेको छ। गाउँपालिकाका अधिकांश बासिन्दाहरू कृषि पेशामा संलग्न रहेका छन्। यस क्षेत्रमा कृषि उत्पादनमा मकै, धान, गहुँ, तरकारी( टमाटर) र फलफूल(सुन्तला) रहेका छन्। यस गाउँपालिकाले कृषि उत्पादनमा वृद्धि गर्न बाँझो जग्गा अनुदान, कोभिड प्रभावित कृषकलाई अनुदान, ढुवानीमा अनुदान लगायतका कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन गरेको थियो। कृषि तथा पशु सेवालाई व्यवस्थित गर्न प्रत्येक वडामा OVOT अन्तर्गत एक/एक जना कृषि तथा पशुका प्राविधिक खटाइएको छ।

आ.व.०७७।०७८ मा कृषि शाखाद्धारा संचालित कार्यक्रहरूको प्रगति विवरण देहाय बमोजिम रहेको छ।

| क्र.स. | विवरण | खर्च रकम | खर्च प्रतिशत | लाभान्वित परिवार | क्षेत्र |
|---|---|---|---|---|---|
| | | | **कृषि** | | |
| १. | बाँझो जग्गा प्रोत्साहन | १६६३२००। | ८३.१६ प्रतिशत | १४० | गा.पा. |
| २. | कृषि बिउ विजन बितरण | ८,००,००० | १०० प्रतिशत | ४७०० | गा.पा. |
| ३. | बिरुवा वितरण | ५,००,००० | १०० प्रतिशत | १७० | गा.पा. |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | हाते ट्याक्टर | २,७६,१०० | ५५.२२ प्रतिशत | ११ | गा.पा |
| ५ | मौरीघार वितरण | २,६१,२५० | ८७.००३ प्रतिशत | १२५ | गा.पा |
| ६ | कुटानी पिसानी मिल | ४,००,००० | १०० प्रतिशत | २२ | गा.पा |
| ७ | टनेल | ९८९०० | ९८.९प्रतिशत | २३ | गा.पा |
| ८ | सिमेन्ट पोखरी | २१०००० | ८४ प्रतिशत | ६ | गा.पा |
| ९ | मुख्यमन्त्री ग्रामीण विकास मार्फत अनुदान | ५७२०१४६ | ९५.३४प्रतिशत | ८३६ | पशुमा समेत |
| १० | एक स्थानीय तह एक कार्यक्रम | १५,००,००० | ८८.२३ प्रतिशत | ८४ | |
| ११ | कोभिड प्रभावित भई गाउ फर्केका किसानलाई अनुदान | | ९५.३३प्रतिशत | १४३ | प्रदेश |
| १२ | साना कृषि उपकरण अनुदान मिनिटेलर | १७४९०४५ | ९९.९४प्रतिशत | ६८ | प्रदेश |
| १३ | कृषि पकेट विकास कार्यक्रम | १८,६५,५२५ | ७७.७२ प्रतिशत | ५०० | सङ्घीय |
| १४ | नर्सरी क्षमता अभिवृद्धि कार्यक्रम | २,००,००० | १०० प्रतिशत | ६ | सङ्घीय |
| **जम्मा** | | **१७१५०७८५** | **९०.३५प्रतिशत** | **६८३४** | |

## २.९.२.पशु

कृषि सँगसँगै पशुपालनमा पनि गाउँपालिकाका अधिकांश बासिन्दाहरू लागीपरेका छन । कृषकहरू फर्म खोलेर पशुपालन व्यवसायमा लागिपरेका छन् भने कतिपय कृषकहरू सहकारी संस्थामा आबद्ध रहेर पशुपालन गरेका छन् । गाउँपालिकाले पनि त्यस्ता कृषकलाई अनुदानमा भकारो सुधार कार्यक्रम ल्याएर कृषकलाई पशुपालन व्याबसायमा उत्साहित बनाउने गरेको छ । आ.व. ०७७।०७८ मा गाउँपालिकाले सञ्चालन गरेको पशु सम्बन्धी कार्यक्रमहरूको प्रगति विवरण देहाय बमोजिम रहेको छ ।

| **क.स.** | **विवरण** | **खर्च रकम** | **खर्च प्रतिशत** | **लाभान्वित परिवार** | **क्षेत्र** |
|---|---|---|---|---|---|
| | | पशु | | | |
| १. | पशु औषधी | ३,००,०००।- | १०० | | |
| २. | प्रोत्साहन | ५,००,०००।- | १०० | २० | |
| ३. | भकारो सुधार | १,६०,००० ।- | ८० | २० | |
| ४. | अनुदान बाखा खोर | ८०,०००।- | ४० | ८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | भैसीमा अनुदान | ११,३२,८३६ ।- | ३७.७६ | | सङ्घीय |
| ६ | पशुल्याब निर्माण | १,००,००० ।- | १०० | | |
| ७ | बंगुर अनुदान | ६,८०,०००।- | ६८ | ३४ | सङ्घीय |
| ८ | सहकारी मार्फत अनुदान | १०,००,००० ।- | १०० | ५० | |
| ९ | पशु नश्ल सुधार | १०,००,००० ।- | १०० | | |
| १० | बखामा अनुदान | १०,००,००० ।- | १०० | ५० | सङ्घीय |
| | **जम्मा** | **५०,५२,८३६।-** | **८२.५८** | **१८२** | |

## २.१०.सामाजिक विकास शाखाको वार्षिक समग्र स्थिति

### २.१०.१.स्वास्थ्य

मानव जीवनसँग प्रत्यक्ष सम्पर्कमा आएको मानव जिवनको रक्षा गर्ने प्रमुख कार्य स्थानीय सरकारसँग भएको र सोको जिम्मेवार स्वास्थ्य शाखा भएको हुदाँ एकदमै संवेदनशिल शाखाको रुपमा स्वास्थ्य शाखा रहेको छ । मानव जिवनको रक्षा नै प्रमुख कार्य रहेको यस शाखामा बेलाबेलामा आउने कोभिड १९ जस्ता माहामारीले यस क्षेत्रमा थप जिम्मेवारी बढाइदिएको छ ।

स्वास्थ्य संस्थाको नियमित कार्यमा खोप सञ्चालन, गर्भवती चेकजाँच लगायत अन्य ओ.पी.डी.सेवाहरू प्रदान गर्ने गर्दछ । बेलाबेलामा हुने समिक्षा कार्यक्रमले स्वास्थ्य सेवा थप प्रभावकारी बनाएको छ । यस गाउँपालिकाले शुन्य होम डेलीभरी को अवधारणा ल्याएको छ । जसको लागी प्रत्येक वडामा वर्थिङ्ग सेन्टर निर्माण गर्ने लक्ष्य लिएर अगाडि बढेको छ । यसका साथै स्वास्थ्य सेवालाई थप सहज बनाउन स्वास्थ्य ईकाइ स्थापना गरी सञ्चालनमा ल्याएको छ । जुन गाउँपालिकाकै ठुलो उपलब्धी रहेको छ । ल्याब सञ्चालनमा रहेका स्वास्थ्य चौकीहरूको स्तरोन्नति गर्दै प्रयोशाला पनि निर्माण गरेको छ ।

| क.स. | विवरण /कार्यक्रम | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | वार्षिक समिक्षा | | | |
| २. | स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड | १,१०,११४।- | ५५.०६ | |
| ३. | समुदायमा आधारीत नवजात शिशु तथा बाल रोगको एकिकृत व्यबस्थापन | ६८७७५।- | ५२.९७ | |
| ४. | ओ.पि.डी.टिकट छपाई | ८०,०००।- | १०० | |
| ५. | पोषण | २,१०,८२०।- | ४६.८५ | |
| ६. | खोप र सरफाईको समिक्षा र सर्वेक्षण | ९७,८००।- | ४६.५७ | |
| ७. | उपचार केन्द्रमा औषधी तथा सेनेटरी प्याकिङ्ग | ९८,५७६ | ६७.५२ | |
| ८. | निशुल्क औषधी | ६,३०,०००।- | ४२.१४ | |
| ९. | महिला स्वास्थ्य स्वंम् सेविका | ९,९६,०००।- | ९९.६ | |
| १०. | मत् तथा नव शिशु | १०,३७,७९० ।- | ९९.८८८ | |
| ११. | क्षयरोग वार्षिक समिक्षा | ९७,०००।- | ६६.४४ | |
| १२ | मातृ तथा नव शिशु | ७,६६,२७७।- | ७२.२२ | |
| १३. | अण्डा र झण्डा | ५,००,३७७।- | १२५.१ | |
| १४. | महिला स्वास्थ्य स्वयम् सेवीका यातायात | ८,६४,०००।- | १०० | |
| १५. | सुत्केरी पोषण भत्ता | ३,३१,०००।- | ९४.५७ | |
| १६. | स्वास्थ्य बीमा | ६,५०,०००।- | १०० | |
| १७ | जुठापौवा ल्याब विस्तार | ३,००,०००।- | १०० | |

| | | | | |
|---|---|---|---|---|
| १८. | छहरा ल्याब स्तरोन्न्ती | १,५०,००० ।- | १०० | |

विश्वभरीनै महामारीको रुपमा फैलिएको कोभिड १९बाट यस गाउँपालिकाद्धारा नै लक्षणयुक्त संक्रमितहरूको चेक तथा उपचारका लागि कोभिड विशेष अस्थायी अस्पतालको निर्माण गरी आवश्यक जनशक्तिको पदपुर्ति गरी सञ्चालनमा ल्याएको छ। आ.व. ०७७।०७८ मा कोभिडको परिक्षण गरी वस्ती-वस्तीमा गई Antigen र PCR विधिबाट प्रयोग गरी संक्रमितहरूलाई औषधी उपचारको व्यवस्था गरेको थियो। आ.व.०७७।०७८ मा कोभिड परिक्षण र संक्रमितको संख्या तल तालिकामा दिईएको छ।

| **क.स.** | **परिक्षण** | | | **पोजेटिभ** | | | **निको भएका** | **मृत्यु** |
|---|---|---|---|---|---|---|---|---|
| | PCR | Antigen | | | | | जम्मा | |
| १ | ५३६ | ३३३ | ८६९ | ४०६ | ८२ | ४८८ | ४७५ | १७ |
| २. | अस्पताल भर्ना | | | २० | निको | ११ | रेफर | ९ |
| कोभिड नियन्त्रण सामग्री | | | | | | | | |
| १ | अक्सिजन | | | | | | | |
| २. | अक्सिज मेसिन | | | | | | | ७ |
| ३. | बेड | | | | | | | ५ |

कोभिड १९ को व्यवस्थापनमा, विपद् व्यावस्थापनमा विपद् व्यवस्थापन समिति, स्वास्थ्य शाखा, स्वास्थ्यकर्मी, जनप्रतिनिधि तथा अन्य कर्मचारीहरू सक्रिय रुपमा लागिपरेका थिए। उक्त कोभिड व्यवस्थापनमा देहाय बमोजिम खर्च भएको देखिन्छ।

| **क.स.** | **परिक्षण** | **कोभिड खर्च** |
|---|---|---|
| १. | स्वास्थ्य सेवा कार्यालय | १०,००,००० ।- |
| २. | अक्सिजन र बेड | ३,९९,०८५।- |
| ३. | अक्सिजन मेशिन | ५,९९,४६०।- |
| ४. | लुम्बिनी मेडिकल कलेज | ५,१४,०००।- |
| ५. | मिसन हस्पिटल | ११,४००० ।- |
| ६. | औषधि | ५,१३,५२४।- |
| ७. | सेनिटाइजर र ग्लभ्स | ८५,१८७।- |
| ८. | PPE | १०,३०,५६० ।- |
| ९ | PPE Reusable | ४७,४६०।- |
| १०. | मास्क | १,२०,६२८ ।- |
| ११. | अक्सिमिटर | १७,००० ।- |
| १२. | खाना श्रावण २०७७ | ७८,०००।- |
| १३. | सवारी भाडा | ३,५०,०००।- |
| जम्मा | | ५०,८७,४२९ |

**रैनादेवी छहरा गाउँपालिकामा सञ्चालित एम्बुलेन्सहरूको विवरण:**

| **क.सं.** | **एम्बुलेन्सको नं.** | **सञ्चालित स्वास्थ्य चौकी** | **कैफियत** |
|---|---|---|---|
| १ | लु १ झ २८८ | छहरा स्वास्थ्य चौकी | सर्वसाधारणमा एम्बुलेन्सको पहुँच ७०-८० प्रतिशत रहेको छ। |
| २ | लु १ झ ४०६ | जुठापौवा स्वास्थ्य चौकी | |

## २.१०.२.शिक्षा शाखा

माध्यमिक शिक्षा सम्मको कार्यक्षेत्र स्थानीय सरकारको काम कर्तव्य र अधिकारभित्र पर्ने हुँदा यस रैनादेवी छहरा गाउँपालिका भित्र रहेका ६२ वटा विद्यालय जसमध्ये ५० वटा आधारभुत विद्यालय र १२ वटा माध्यमिक विद्यालयहरूको सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी शिक्षा शाखाको रहेको छ। शिक्षा शाखाले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले शिक्षा क्षेत्रमा बिनियोजन गरेको बजेट कार्यान्वयन, गाउँ शिक्षा समिति गठन, आवश्यक शिक्षा ऐन तर्जुमा, शिक्षक दरबन्दी मिलान, विद्यालय अनुगमन लगायतका कार्यहरू गर्ने गर्दछ।

**आ.व.०७७/०७८ मा शिक्षा शाखाले गरेको वित्तीय प्रगति विवरण देहाय बमोजिम रहेको छ।**

| क.सं. | विवरण | प्राप्त बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकारबाट प्राप्त पूँजीगत | २०८५२८००० | १९६४३९२३५ | ९४.२० |
| | चालु | २१०००००० | १९२८६४० | ९१.८ |
| २ | प्रदेश सरकारबाट प्राप्त पूँजीगत | २०००००० | १९४५१०५९५ | ९५.५१ |
| ३ | स्थानीय सरकारबाट प्राप्त पूँजीगत | ४५५०००० | ३७६५०६९ | ८२.७४ |

## २.१०.३.महिला तथा बालबालिका शाखा

सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरूको लगत अद्यावधिक, परिचय पत्र वितरण, अनाथ, असहाय, बालबालिका संरक्षण तथा सम्बर्द्धन, एकल तथा असहाय महिलालाई आय आर्जनका कार्यक्रम सञ्चालन कार्य महिला तथा बालबालिका शाखा अर्न्तगत पर्दछ।

यस शाखाले गत आ.व.मा लक्षित वर्गका लागि बिनियोजित बजेटको ५३.३८ प्रतिशत रकम खर्च गरेको छ भने १५१६ जना लाभग्राहीहरू उक्त कार्यक्रमबाट लाभान्वित बनेको तपसिलको तथ्याङ्कले देखाउँछ।

| क.सं. | विवरण | खर्च | खर्च प्रतिशत | लाभान्वित |
|---|---|---|---|---|
| १ | महिला सम्बन्धी | ५६२८१५।- | ५६ | २८५ |
| २ | युवा सम्बन्धी | ३८५०००।- | ८४ | १०६ |
| ३ | ज्येष्ठ नागरिक सम्बन्धी | ५६९०००।- | ६३ | २४५ |
| ४ | आदिवासी जनजाती सम्बन्धी | १८५०००।- | ४२ | १८५ |
| ५ | दलित सम्बन्धी | २६००००।- | ६० | ९० |
| ६ | बालबालिका सम्बन्धी | २८५०००।- | २९ | २०० |
| ७ | अपाङ्ग सम्बन्धी | २१००००।- | ५८ | ८५ |
| ८ | अन्य | ७१०००।- | ३५ | ३२० |
| | जम्मा | २५२७८१५।- | ५३.३८ | १५६१ |

## २.११.अन्य क्षेत्रहरू

### २.११.१.प्रधानमन्त्री रोजगार कार्यक्रम

नेपालको संविधानको धारा ३३ मा उल्लिखित रोजगारीको हक कार्यान्वयनको लागि रोजगारीको हक सम्बन्धी ऐन २०७५ ल्याएको छ। सोही ऐनले प्रत्येक स्थानीय तहमा एक रोजगार सेवा केन्द्र स्थापना गरी स्थानीय तहमा रहेका बेरोजगार व्यक्तिहरूको पहिचान र सूचिकरण गर्ने र एक आर्थिक वर्षमा न्युनतम एक सय दिनको रोजगारीको सुनिश्चितता गर्ने भनि उल्लेख गरेको छ। सोही व्यवस्था बमोजिम स्थापित प्रधानमन्त्री रोजगार कार्यक्रम यस रैनादेवी छहरा गाउँपालिकामा पनि सञ्चालित रहेको छ । आ.व. ०७७/०७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट २२९ जना व्यक्तिले १०० दिन रोजगारी पाएका थिए। उक्त कार्यक्रममा खर्च रकम देहाय बमोजिम रहेको थियो।

| क्र.सं. | विवरण | खर्च | खर्च प्रतिशत | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १ | वडा नं. १ मा रोजगार | १९,९५,९००।- | ९०.८३ | २७ |
| २ | वडा नं. २ मा रोजगार | १३,९५,९००।- | | २७ |
| ३ | वडा नं. ३ मा रोजगार | २१,१४,५३०।- | | ४१ |
| ४ | वडा नं. ४ मा रोजगार | १३,८६,५९४।- | | ३१ |
| ५ | वडा नं. ५ मा रोजगार | १३,९५,९००।- | | २७ |
| ६ | वडा नं. ६ मा रोजगार | १५,५१,०००।- | | ३० |
| ७ | वडा नं. ७ मा रोजगार | १३,९५,९००।- | | २७ |
| ८ | वडा नं. ८ मा रोजगार | ९,८२,३००।- | | १९ |
| जम्मा | | १,२२,१८,०२४।- | ९०.८३ | २२९ |
| ९ | प्रशासनिक खर्च | ८,३७,८००।- | ७५.३५ | |
| **कुल जम्मा** | | **१,३०,५५,८२४।-** | **८३.०९** | **२२९** |

### २.११.२.राष्ट्रिय पुनःनिर्माण

वि.सं. २०७२ सालमा गएको विनाशकारी भुकम्पपश्चात भुकम्पले विनाश गरेका घरहरूको पुन निर्माणको लागि भुकम्पले क्षती पुगेका क्षेत्रमा कर्मचारीहरू खटाई पुनर्निर्माणको कार्य राष्ट्रिय पुनर्निमाण प्राधिकरणले गरेको थियो। यसै सन्दर्भमा यस रैनादेवी छहरा गाउँपालिकामा पनि भुकम्पले क्षति पुर्‍याएका घरपरिवार संख्या ४९४, राहत स्वरुप पहिलो किस्ता रकम लिएका घरपरिवार संख्या ४३५ रहेका थिए भने घरको पुनर्निमाण पुरा गर्ने घरपरिवारको संख्या २३८ रहेको छ। गत आ.व.सम्म पुनर्निमाण सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | जम्मा लाभान्वित | ४९४ | |
| २ | सम्झौता | ४३५ | |
| ३ | पहिलो किस्ता | ४३५ | |
| ४ | दोश्रो किस्ता | २४८ | |
| ५ | तेश्रो किस्ता | २३८ | |
| ६ | पहिलो किस्ता लिगि कार्य नगरेका | १८७ | |

# भाग तीन - निष्कर्ष एवम् भावी कार्यनीति

## ३.१.आ व ०७७/०७८ मा गाउँपालिकामा भएका मुख्य कार्यहरू संक्षेपमा

आ.व ०७७/०७८मा यस रैनादेवी छहरा गाउँपालिकाले गरेका मुख्य मुख्य/कार्यहरू देहाय बमोजिम रहेका थिए ।

- आ.व. ०७७/०७८ मा ३९४ वटा योजना उपभोक्ताहरू सँग सम्झौता गरिएकोमा ३७४ वटा योजना सम्पन्न गरी फरफारक गरिएको छ भने १९ वटा ठेक्काबाट सम्झौता गरिएका योजना मध्ये १७ वटा योजना सम्पन्न गरी फरफारक गरिएको छ । जस मध्ये एक वटा यस आ.व.मा म्याद थप गरी सम्पन्न गरिएको ।
- कार्यालयमा Closed Circuit Camera लाई चालु अवस्था ल्याई सो मार्फत गतिविधिहरू निगरानी गरिएको र छहरा बजारमा समेत नयाँ Closed Circuit Camera जडान गरी सञ्चालनमा ल्याइएको ।
- प्रशासनिक कार्यलाई विधि सम्मत गराउन थप प्रयास गरिएको र ठेक्का मूल्याङ्कनको कार्यलाई अझ व्यवस्थित गरिएको ।
- विगतका वर्षहरूमा भन्दा गत आ.व. ०७७/०७८ लाई सौहार्दपूर्ण र शान्त वातावरणमा (चाहे त्यो गाउँसभा होस वा असार मसान्त सम्ममा सम्पन्न गर्नुपर्ने कार्य हुन) सम्पन्न गरिएको छ ।
- नेपाल सरकारको आर्थिक वर्ष ०७७/०७८ को नीति तथा कार्यक्रममा भूगोल र जनसंख्याको ५ देखि १५ शैयाको आधारभूत अस्पताल स्थापना तथा स्तरोन्नती गर्ने अर्न्तगत यस गाउँपालिकामा स्थापना गरिने १५ शैयाको आधारभूत अस्पतालको लागि आवश्यक जग्गा निःशुल्क रुपमा लिने कार्य सम्पन्न भएको ।
- औद्योगिक ग्रामको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग सम्झौता भई सडक निर्माण कार्य सम्पन्न भएको ।
- आ.व. ०७७/०७८ मा ९ वटा कार्यविधि र २ वटा ऐन सहित ११ वटा कानून बनाइएको ।
- २५ KVA को जेनेरेटर जडान गरी प्रशासनिक कार्यहरूलाई नियमित गरिएको ।
- शाखागत कार्यविवरण, जनशक्तिको काम, कर्त्तव्य र अधिकार र अध्यक्ष र प्र.प्र.अ. तथा प्र.प्र.अ र शाखा प्रमुखहरुबिच कार्यसम्पादन सम्झौता गरिएको ।

**मुख्य प्राथमिकताका योजनाहरूको अवस्थाः**

- सुन्दरेढुंगा सालझण्डी मोटरबाटोको ३ किलोमिटर कालोपत्रे गर्ने कार्यको cutting, Machinery, ग्याबिन wall निर्माण कार्य सम्पन्न भएको ।
- गाउँपालिका प्रशासनिक भवनको ढलान र इट्टा जोड्ने कार्य सम्पन्न भएको ।
- कटौजेपानी खेलमैदानको भवन र मैदान निर्माण कार्य सम्पन्न ।
- भालुखान-कुसुनेचौर- वडा भवन मोटरबाटो ढलान कार्य भैरहेको ।

## ३.२.कार्यसम्पादनमा देखिएका समस्या तथा चुनौतीहरू

- विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीको कारण समयमै कार्य सम्पन्न गर्न नसकिएको ।
- दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति गरी सेवा प्रवाह गर्न ।
- स्थानीय तहमा राजनीतिको अस्वस्थ प्रतिस्पर्धा हाबी हुने ।
- योजना कार्यान्वयनमा सङ्घ, प्रदेशसंग समन्वयको अभाव ।

- संविधान बमोजिम प्राप्त अधिकार, जिम्मेवारी र दायित्व बमोजिम कार्यान्वयन गर्न सक्ने संरचना र संयन्त्रको विकास नहुनु ।
- विभिन्न योजनामा समयमा कार्यान्वयन नगरी विवाद सिर्जना गर्ने र असार लागेपछि मात्र सहमति हुने ।
- दोषारोपण र जिम्मेवारी पन्छाउने ।
- आत्माशुद्धि र आचरणको अभाव आदि ।
- योजनाबद्ध रुपमा कार्यसम्पादन गरी निर्धारित लक्ष्य प्राप्त गर्नु र सोको लागि जनशक्तिको परिचालन गर्नु ।
- कार्यालयबाट हुने कार्यसम्पादन तथा गतिविधिको गोपनीयता कायम गर्नु ।
- समयमा योजना सम्पन्न गराई फरफारक गराउनु ।
- प्रचलित कानून बमोजिम योजनाको सम्झौता गराई सम्पन्न गराउनु ।(चुरेक्षेत्र तथा वन क्षेत्रमा सडक निर्माण विषय)

## ३.३.आगामी दिनमा ध्यान दिनुपर्ने विषयहरू

यस रैनादेवी छहरा गाउँपालिकालाई अझ बढी पारदर्शि, द्रुत गतिमा विकास गर्न र  जनतालाई छिटो छरितो रुपमा सेवा प्रवाह गरी उत्कृष्ट गाउँपालिकाको रुपमा विकास गर्नका लागि सेवाग्राही, कर्मचारी र जनप्रतिनीधिहरूले देहाय बमोजिमका कार्यहरूलाई पालना गर्नुपर्ने देखिन्छ ।

- कार्ययोजना बनाई प्रत्येक शाखा प्रमुखको जिम्मेवारी तोकी कार्यसम्पादन सम्झौता मार्फत प्रोत्साहनको व्यवस्था मिलाई कार्य सम्पादनलाई अगाडि बढाउने ।
- विकास निर्माणका कार्यहरूलाई प्रचलित कानूनको समेत अध्ययन गर्दै अगाडि बढाउने ।
- बेरुजु फछ्यौट गर्ने ।
- प्रशासन संयन्त्रले आफ्नो जिम्मेवारी बहन गर्नुपर्ने ।
- आत्मशुद्धि र असल आचरणको विकास गर्नुपर्ने ।
- जिम्मेवारीको आत्मसाथ र बहन गर्ने ।
- बार्षिक कार्ययोजना बनाई योजनाको कार्यान्वयन गर्ने ।
- चौमासिक समिक्षा नियमित गर्ने ।
- सङ्घ र प्रदेश सँग नियमित समन्वय र सहकार्य गर्ने ।
- सङ्घ र प्रदेश सरकारले स्थानीय सरकारका विद्यमान कार्यबोझ र संयन्त्रको बारेमा रहेको बुझाइमा सुधार ल्याउने ।
- नीतिगत निर्णय र बजेट बिनियोजन गर्दा दीर्घकालीन महत्व र प्रभावलाई विश्लेषण गनुपर्ने ।

# अनुसूची १

## आ.व. ०७७/०७८ को समग्र आर्थिक विवरण

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| बैंक अ.ल्या. | २०७६३१६९/७३ | पुँजीगत | १५८९३२६८३/५० |
| आन्तरिक राजस्व | ८९३७१४७/७ | चालु | ३४२७६२९९४/१४ |
| राजश्व बाँडफाँट | ८०८६२५८९/६१ | अन्तर सरकारी खर्च | ८५६०७५९६/- |
| सङ्घीय वित्तिय समानिकरण | १०३३०००००/- | धरौटी फिर्ता | ३०७७०००/- |
| सङ्घीयसशर्त | २९४०६३८९०/- | बैंक मौज्दात | २१२९१६१९/५३ |
| सङ्घीयसमपूरक | ३५००००००/- | प्रदेश अनुदान फिर्ता | ११५१९२७२ /- |
| सङ्घीयविशेष | १२५००००० /- | सङ्घीयअनुदान फिर्ता | ७०१५१४८०/५ |
| प्रदेश वित्तिय समानिकरण | ५२५७०००/- | धरौटी मौज्दात | ३९५३०००/- |
| प्रदेश सशर्त | १४८५००० /- | प्रकोप व्यवस्थापन मौज्दात | १५५६६६ /४५ |
| सङ्घीय समपूरक | १३४००००० /- | मर्मत संभार मौज्दात | २४५७७६/- |
| सङ्घीय विशेष | ११५००००० /- | कर्मचारी कल्याणकोष | ३००००००/- |
| अन्य (अन्तर सरकारी र अन्य विविध खाता, प्रकोप, मर्मत, धरौटी आदि) | १०९८२५८५०/७ | प्रकोप व्यवस्थापन खर्च | ८००३१९३/५५ |
| | | मर्मत संभार खर्च | १५५९३६६ /- |
| **जम्मा** | **७१०२५९६४७/७** | **जम्मा** | **७१०२५९६४७/७** |